साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को प्रकाशन

# साना किसान

वर्ष १४ पूर्णाङ्क १९-२० (संयुक्ताङ्क) (असोज, कार्तिक, मङ्सिर, पुस) २०७६ द्वैमासिक

यस अङ्कमा


–साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १८ औं वार्षिक साधारण सभा १
–प्रमुख कार्यकारी अधिकृत आप्राका बैठकमा १
–किसानहरूबिच अनुभव आदानप्रदान २
–इजरायलबाट प्रशिक्षित किसान नवराज पोखरेलको अनुभव ३
–सामूहिक तरकारी खेतीमा पाटीचौर सहकारी ५
–प्रगति समीक्षा र कार्ययोजना गोष्ठी ६
–साना किसानको आँगन टेक्ने रहरमा : दैनिकी ७
–सहकारी संस्थामा कर्जा सदुपयोगिता ८
–अनाथ बालबालिकाको लागि सहयोग ९
–नेपाली माटोमा इजरायली सीप १०
–सुन फल्ने माटोमा (अतिथिको कलम) १२


# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको १८ औं वार्षिक साधारण सभा सम्पन्न






२६ पौष, काठमाडौं । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको १८औं वार्षिक साधारण सभा २०७६ पुस २६ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान काठमाण्डौमा सम्पन्न भयो । सो सभा संस्थाका अध्यक्ष खेम बहादुर पाठकको अध्यक्षतामा सम्पन्न भएको थियो । सभामा उपस्थित सहभागीहरूलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाले स्वागत अभिवादन गर्दै यस वित्तीय संस्थाका सारा कियाकलापहरू साना किसानको हितमा केन्द्रित भएको बताउनुभयो ।


सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष खेम बहादुर पाठकले २०७६ मङ्सिरसम्ममा यस वित्तीय संस्थाले रू.९२ अर्ब ४१ करोड कर्जा लगानी गरी ७१ अर्ब ८१ करोड असूली भई लगानीमा रहिरहेको कर्जा रकम रू.२० अर्ब ६० करोड रहेको जानकारी दिनुभयो ।

देशभरिका ९८१ सहकारी संस्थाहरूमार्फत ८ लाख घरपरिवारमा लघु तथा कृषि वित्तको सेवा यस संस्थाले पुऱ्याइरहेको समेत उहाँले उल्लेख गर्नुभयो । एशीयाली विकास बैंकको ऋण सहयोग तथा नेपाल सरकारसँगको सहकार्यमा ग्रामीण उद्यम परियोजना सञ्चालन भइरहेको उल्लेख गर्दै यस परियोजनाबाट आगामी ५ वर्षभित्रमा सामूहिक रूपको ५० र व्यक्तिगत रुपका ५०० कृषि उद्यम सञ्चालन हुने समेत उहाँले बताउनुभयो ।

उक्त साधारण सभाले शेयरधनीलाई आ.व. २०७५।७६ को आम्दानीबाट २७.२५ प्रतिशत बोनश शेयर वितरण गर्न र १.४३ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश उपलब्ध गराउने समेत निर्णय गरेको थियो । उक्त सभामा संस्थाका सञ्चालक समितिका सदस्यहरू, संस्थापक शेयरधनीका रूपमा रहेका सहकारी संस्थाहरू तथा सर्वसाधारण शेयरधनीहरूको उपस्थिति रहेको थियो ।

## प्रमुख कार्यकारी अधिकृत डा.कोइराला आप्राका बैठकमा सहभागी






२५ जेठ, काठमाडौं । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला २०७६ जेठ २४ र २५ गते (२०१९ जून ७ र ८ मा) जापानको टोकियोमा आयोजित एसिया तथा प्रशान्त ग्रामीण कृषि कर्जा सङ्घ (आप्राका) कार्यकारी समितिको ७१ औं बैठकमा सहभागी हुनुभयो ।

उक्त बैठकमा ग्रामीण उद्यम स्थापनामा वित्तीय संस्थाहरूको भूमिका, किसानहरुलाई बाली बीमामार्फत जलवायु प्रकोपसँग सामना गर्न सक्षम तुल्याउनेलगायतका विषयमा छलफल भएको थियो । आप्राकालाई आगामी दिनमा अझ जीवन्त र गतिशील कसरी पार्न सकिन्छ भन्ने विषयमा विभिन्न एजेन्डाहरू पास गर्दै उक्त बैठक सम्पन्न भएको थियो । प्रमुख कार्यकारी अधिकृत डा. कोइरालालाई २०७५ असोजमा श्रीलङ्कामा सम्पन्न आप्राका कार्यकारी समितिको ७० औं बैठक एवम् २१औं साधारण सभाले सो सङ्घको कार्यकारी समितिको सदस्य चयन गरेको थियो । हाल एशिया प्रशान्तक्षेत्रका २४ देशका ८६ संस्थाहरू आप्राकाका सदस्य रहेका छन् ।



CamScanner

प्रमुख सल्लाहकार
श्री खेम बहादुर पाठक

संरक्षक
डा. शिवराम प्रसाद कोइराला

सम्पादक
श्री झलेन्द्र भट्टराई

अतिथि सम्पादक
गोकुल चन्द्र अधिकारी

विशेष सहयोगी
मनिष महतो

प्रकाशक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
सुविधानगर, तिनकुने,
पो.ब.नं. १९९५६, काठमाडौं
फोन : ०१-४१११८२८/ ४१११७५२
फ्याक्सः ०१-४१११९०१
Email: editorial@skbbl.com.np

# सम्पादकीय

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले आफ्ना एघार वटा इलाका कार्यलयमार्फत साना किसानहरूलाई वित्तीय सेवा उपलब्ध गराउदैआएको छ ।

ग्रामीण समुदायका महिला,दलित,विपन्न वर्गमा लघुवित्त सेवाको विस्तार गर्न आवश्यक पर्ने पुँजीलाई लघुकर्जाको रूपमा यस संस्थाले साना किसान कृषि सहकारी संस्था र अन्य संस्थाहरूमार्फत यस किसिमको सेवा उपलब्ध गराउनेगरेको छ । यसैगरी यस वित्तीय संस्थाले विशेष कर्जा अन्तर्गत पशुपालन कर्जा, नवीकरणीय ऊर्जा कर्जा, भूकम्प प्रभावित क्षेत्रहरूका लागि विशेष कर्जालगायतका कर्जा उपलब्ध गराउनेगरेको छ ।

यसबाहेक विपन्न तथा साना किसानहरूको संस्थागत क्षमता तथा सामाजिक सवलीकरणका लागि यस संस्थाले सरकार तथा दातृ संस्था र साना किसान सहकारी संस्थाहरूको बिचमा रहेर सहजीकरणको काम पनि गर्दैआएको छ । देशका विभिन्न ग्रामीण समुदायमा बसोबास गर्ने महिला,दलित,मधेशी,जनजाति र अन्य पिछडिएका वर्गहरू यस वित्तीय संस्थाको सेवाबाट लाभन्वित भएका धेरै उदाहरणहरू छन् ।

साना किसान विकास कार्यक्रमको लामो यात्रामा विभिन्न नवप्रवर्तनीय अभ्यासहरू भए । यस क्रममा हाम्रा गाउँघरमा प्रशस्त संख्यामा साना किसान सहकारी संस्थाहरूको स्थापना भयो । साना किसानका श्रम र पसिना पोखिएका र उनीहरूकै मेहनताबाट स्थापित ती साना किसान कृषि सहकारी संस्थाहरूलाई दरिलो अभिभावकत्व प्रदान गर्न यिनीहरूको छाता संस्थाको रूपमा २०५८सालमा साना किसान विकास बैंकको नाममा यस संस्थाको स्थापना भएको हो ।

विगत डेढ दशकभन्दा लामो यात्रामा यस वित्तीय संस्थाको माध्यमबाट साना किसानहरूलाई मूल्य श्रङ्खालामा स्थापित गर्न कृषि औद्योगिकरणमा लैजाने कमसमेत सुरु भैसकेको छ ।

साना किसान सहकारी अभियान गरिबी निवारणको भावनाबाट अभिप्रेरित कार्यक्रम भएका कारण अन्य परम्परागत सहकारी अभियानभन्दा विशिष्ट किसिमका विशेषताहरू यसमा रहेका छन् ।

नेपालको मौलिक नमूनाको रूपमा रहेको साना किसानको हितमा समर्पित यस्तो विशिष्ट अभियानमा छाता संस्थाको रूपमा रहेर अभिभावकत्व प्रदान गर्ने काम साना किसान विकास लघुवित्त वित्तीय संस्थाले निष्ठापूर्वक गरिरहेको छ । यस संस्थाका सहयोगी हातहरूबाट प्राप्त हुनेगरेको सहयोग अटूट रूपमा कायम रहन सके साना किसानमा केन्द्रित यो अभियान भोलिका दिनमा अझ सशक्त हुने र गरिबी न्यूनिकरणमा थप मद्दत पुग्न गई देशको समृद्धिमा महत्वपूर्ण योगदान पुग्न जाने देखिन्छ ।

# इजरायलबाट प्रशिक्षित किसानहरूबिच अनुभव आदानप्रदान

२ असोज, काठमाडौं । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को आयोजनामा **'कृषिमा रूपान्तरणका लागि युवाको भूमिका'** विषयक एक दिवसीय कार्यशाला गोष्ठी २०७६ असोज २ गते काठमाडौंमा सम्पन्न भयो ।



इजरायलबाट कृषि सम्बन्धी प्रशिक्षण सम्पन्न गरेर स्वदेश फर्केका युवा कृषकहरूका अनुभव साटासाट गर्ने तथा उनीहरूले नेपालमा गर्नेगरेका कृषि परियोजनाबारे एकआपसमा जानकारी गराउने उद्देश्यले सो कार्यशाला गोष्ठी आयोजना गरिएको थियो ।

उक्त गोष्ठीका प्रमुख अतिथि माननीय कृषि सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा अर्यालले विदेशबाट प्राप्त कृषि सम्बन्धी सीपलाई आफ्नो भूभागमा कार्यान्वयन गर्न चाहनेहरूका लागि राज्यको तर्फबाट अनुकूल वातावरण तयार गरिने बताउनुभयो । नेपाल सरकारको तर्फबाट कार्यान्वयनमा ल्याइने विभिन्न



कृषिमूलक परियोजनामा विदेशबाट सीपप्राप्त जनशक्तिलाई उच्च अवसर प्रदान गरिने बताउँदै मन्त्री अर्यालले भन्नुभयो 'तपाईहरुको सीपले आयात रोक्नेदेखि निकासी बढाउनेसम्मका काम गर्नसकोस् यसका लागि केही कुरा बाधक भए त्यसमा सहजीकरण गर्न सरकार तत्पर छ ।'

सो समारोहलाई सम्बोधन गर्दै नेपालका लागि इजरायलका राजदूत श्री बेनी ओमरले नेपालमा कृषिक्षेत्र अझै निर्वाहमुखी मात्र रहेका आफ्नो अनुभव बताउँदै कृषिमा व्यावसायीकरण गरेर नेपाल प्रशस्त लाभन्वित हुनसक्ने कुरा उल्लेख गर्नुभयो ।



कार्यक्रमका सभापति एवं साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का अध्यक्ष श्री खेम बहादुर पाठकले इजरायलसँगको सीप र तालिम सम्बन्धी सहकार्यबाट नेपालका किसान समुदाय अत्यन्तै लाभन्वित भएको बताउनुभयो । सुरुका वर्षहरूमा युवा उमेरका कृषकलाई इजरायलमा पठाउँदा यो कार्यलाई नकारात्मक रूपमा पनि हेरिएको र विभिन्न आरोपसमेत यस संस्थाका पदाधिकारीले भोग्नुपरेको तितो अनुभव व्यक्त गर्दै अध्यक्ष पाठकले भन्नुभयो 'हामीले सफा मनले मुलुकको हितमा काम गरेका कारण आज हाम्रा यी गतिविधिलाई सबैले प्रशंसा गर्नेगरेका छन् यो नै हामीले प्राप्तगरेको सामाजिक सम्मान हो ।'

साना किसान विकास लघुवित्त वित्तीय संस्थाका नायब कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै हाम्रा किसान दाजुभाइले इजरायलबाट सिकेको सीपलाई विभिन्न कृषि परियोजनामार्फत उपयोग गरेर आफूलाई नमूना कृषकको रूपमा उभ्याउन सक्नु गर्वको विषय भएको उल्लेख गर्नुभयो ।

गोष्ठीका सहभागीहरूमध्ये रुपन्देहीका कृषक सिर्जना थारू, धादिङका कृषक युद्ध न्यौपाने र मकवानपुरका कृषक कृष्णप्रसाद बजगाईले आआफ्नो व्यावसायिक सफलताको विवरण सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नुभएको थियो भने उर्लावारी मोरडका कृषक सुनिल दाहाल र तनहूँका कृषक शिवकुमार आलेले आफूले सम्पन्न गरेको व्यवसायका गतिविधिलाई मल्टिमेडियामार्फत प्रस्तुत गर्नुभएको थियो ।

उक्त गोष्ठीका सहभागी युवा कृषकहरूले कृषि बालीका क्षेत्रमा नयाँ नयाँ रोगहरू देखापर्न थालेका, स्थानीय जातका अन्नबालीहरू लोप हुनथालेका, परिणाममुखी अनुसन्धान हुन नसकेको , पशुपालनका लागि आवश्यक घाँस र बीउको अभाव रहेको तथा सहुलियतपूर्ण कर्जाको अभावजस्ता समस्या कृषि क्षेत्रमा रहेको कुरा उल्लेख गरेका थिए ।



CamScanner



# दुग्ध व्यवसायमा रमाइरहेछन् इजरायलको गाईफर्मबाट प्रशिक्षित नवराज पोखरेल

सुन्दरहरैंचा नगरपालिका वार्ड नं. ७ मोरङ, निवासी नवराज पोखरेल आफूलाई दुग्धव्यवसायी भन्न रुचाउछन् । आफ्नो रूचि र इच्छा अनुसारकै पेशा अँगाल्न पाएकोमा प्रसन्न देखिने नवराज आजभोलि आफ्नो सम्पूर्ण समय आफूले सञ्चालन गरेको डेरी वरपर नै रहेर दुग्धप्रशोधन सम्बन्धी काम र यसको व्यवस्थापनमा खर्चिने गर्छन् ।

आफ्नै गाउँठाउँ सुन्दरहरैचा नगरपालिकाको गोठगाउँमा कूल तीन कठ्ठा जग्गामा रहेको उनको डेरीले दैनिक सरदर पन्ध्रसय लिटर दूध र पाँचसय लिटर दही उत्पादन गरी बिक्री गर्नेगरेको छ । यसबाहेक घीउ र पनिर समेत दैनिक रूपमा सो उद्योगबाट उत्पादन गरी बिक्रीवितरण हुनेगर्छ । उनको डेरीबाट उत्पादित सामग्री नजिकै रहेको इटहरी बजार अनि पूर्वतर्फ रहेका बेलबारी र बिराटचोकमा ज्यादा खपत हुनेगर्छ । यसका साथै उत्तरतर्फ रहेको धरान र दक्षिणको बिराटनगरसम्म पनि उनले आफ्नो उत्पादनको बजारलाई विस्तार गरिसकेका छन् । उनको कारखानाबाट उत्पादित दूध यी स्थानसम्म आपूर्तिका लागि उनले तयारी अवस्थामा राखेका दुईवटा गाडी निरन्तर गुडिरहेका हुन्छन् । **मदानी मिल्क हाउस**को नाममा साना तथा घरेलु उद्योग कार्यालयबाट दर्ता भई सञ्चालनमा रहेको उक्त डेरीको उत्पादनलाई उनले **गौवर्षा** भन्ने नाम दिएका छन् । २०७४ सालदेखि सञ्चालनमा आएको उनको यो डेरी उद्योगले १५ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ ।

उनी, थोरै मात्र पूँजी जुटाउन सक्ने सामान्य औगातका साना किसान हुन् । तर उनीभित्र बृहत आकारको व्यवसाय समेत सञ्चालन गर्ने क्षमता र इच्छाशक्ति रहेका कारण आफूले गर्नलागेको व्यवसायलाई ठूलै आकारको तुल्याउने सोच उनले बनाए । यसका लागि सुन्दरपुरको साना किसान सहकारी संस्थाका सदस्यका रुपमा रहेका आफूजस्तै अरु चार जना किसानलाई पनि उनले व्यावसायिक सहयात्रीका रूपमा छाने र पाँच जनाको संयुक्त लगानीमा उक्त डेरी सञ्चालन गर्ने योजना बनाए । उनी सदस्य रहेको साना किसान कृषि सहकारी संस्था लि. सुन्दरपुरले प्रति साना किसान अधिकतम रू. दस लाख मात्र कर्जा दिनसक्ने प्रावधान छ । पाँच जना साना किसानले यसरी प्राप्त गर्ने कर्जा रकम मिलाउदा पूजीँको आकार पनि उनले परिकल्पना गरेजस्तै फराकिलो हुने भएकोले अन्य किसान सहयात्रीहरूलाई पनि साथ लिएर सबैको संयुक्त प्रयासबाट व्यवसाय सञ्चालन गर्ने निर्णय उनले गरे ।

यी पाँचै जना साना किसानले सुन्दरपुर सहकारीबाट प्राप्तगरेको कर्जा रकमबाट मात्र पनि उनले परिकल्पना गरेको आकारको डेरी सञ्चालन हुनसक्ने अवस्था थिएन । अतः यसका लागि आवश्यक रकममध्ये केही उनले आफ्नै जेथाबाट हाले भने केही साझेदार साथीहरूका जेथाबाट र केही अन्य वित्तीय संस्थाबाट जुटाए ।

इजरायलमा रहँदा जसैतसै जोगाउन सकेको अलिकति रकम पनि उनले यही व्यवसायमा लगाए । अहिले उनको यो डेरी उद्योगमा गरिएको कूल लगानी झन्डै दुई करोड पुगिसकेको छ । यो डेरीबाट हिजोआज दैनिक सरदर रू.एक लाख रुपैयाँको दुग्धजन्य पदार्थ बिक्री हुनेगरेको नवराज बताउछन् । गोठगाउँ भन्ने नाम स्वयंमा दुग्धजन्य पदार्थ उत्पादनको प्रतीक हो । पूर्वाञ्चल विश्वविद्यालय समेत रहेको यस क्षेत्रमा उक्त विश्वविद्यालयभन्दा एक किलोमिटर दक्षिणतर्फ रहेको उनको यो डेरी सो क्षेत्रको नामलाई नै समुज्वल तुल्याउने गहनाजस्तै बनेर रहेको छ ।

नवराज खोटाङ जिल्लाको लिवुवापोखरीमा २०४५ सालमा जन्मे । उनी दुई वर्षको हुँदै बुवासँगै मोरङको गोठगाउँ झरे । त्यहीँको पञ्चायत मा.वि.बाट एसएलसी अनि सुन्दरपुरकै सुकुना कलेजबाट २०७० सालमा स्नातक पास गरे । स्नातक गरेपछि उनका सहपाठीहरू कोही बैदेशिक रोजगारको खोजीमा म्यानपावरको पछि दौडिए भने कोहीचैँ लोकसेवाको तयारीमा जुट्न थाले । उनी भने आफ्ना मामा सीताराम भट्टराईका साथ लागेर इटहरी बजारमा दुध र दुग्धजन्य पदार्थको बिक्री डिपो सञ्चालन गरेर बसे ।

उनी यसरी इटहरी बजारमा दुधको डिपोमा बसेर काम गर्नथालेको दुई वर्ष भैसकेको थियो । त्यसबाट केही आम्दानी पनि भइरहेको थियो । अलि ठूलै आकाङ्क्षा र क्षमता भएका नवराजलाई सीमित मात्रामा दुध दही बिक्री गर्ने त्यो सानो व्यवसायले कहाँ अल्झाइरहन सक्थ्यो र ? इटहरी–गोठगाउँ आउने जाने गरिरहेका बेला उनी मनभित्र भने आफ्नो पेशागत दायरालाई फराकिलो तुल्याउने व्यावसायिक तानावाना बुनिरहेका हुन्थे ।

यसैबिच उनका सहपाठी एवं छिमेकी मित्र रोशन चापागाईंले कृषि तालिमका लागि इजरायल जानु राम्रै रहेछ, साना किसान विकास बैंकमार्फत यो अवसर उपलब्ध हुन्छ भनी उनलाई जानकारी दिए । रोशन यही कार्यक्रम अन्तर्गत साना किसान विकास बैंकबाट छनौट भई कृषि तालिमका लागि इजरायल पुगेर प्रशिक्षण लिदैथिए । रोशनले यसरी कृषि तालिमका लागि इजरायल पुग्ने बाटो देखाएपछि नवराजको मन के थामिन्थ्यो र, यस सम्बन्धी प्रक्रिया बुझ्न र त्यसमा सामेल हुन उनी साना किसान कृषि सहकारी संस्था सुन्दरपुर पुगे । धेरै प्रतिस्पर्धीबिचको छनौट प्रकियाका कममा सुन्दरपुर तहमा र केन्द्रीय तहमा भएको गोलाप्रथामा पनि उनी सफल भए । त्यसपछिको चरणमा



भएको अन्तर्वार्ताबाट पनि उनी इजरायलमा कृषि तालिमका लागि जान योग्य ठहरिए । अन्तत,आफ्ना मामालाई सघाउँदै इटहरीमा उनले सञ्चालन गरिरहेको बिक्रीडिपो मामालाई नै सुम्पेर आफूलाई कुशल कृषि व्यवसायी बनाएरै छाड्ने अठोटका साथ उनी कृषि सम्बन्धी प्रशिक्षणका लागि इजरायल पुगे ।

कहिले भाग्योदय चिठ्ठा त कहिले कसिलो अन्तर्वार्ताजस्ता तहहरू पार गर्दै कृषि तालिमका लागि योग्य ठहरिएका नवराज जब इजरायल जान भनेर जहाज चढ्दैथिए त्यतिखेर यिनको मन भने अलि भारी हुँदै थियो । “त्यतिबेला त आफूले आफैँलाई बेचिरहेको छु कि जस्तो पो लाग्यो ।” उनी चढेको जहाज त्रिभुवन विमानस्थलको धावनमार्गबाट आकाशिदैगर्दा आफूभित्र हुँडलिएको नमीठो भोगाई उनले यसरी सुनाए । इजरायल पुगेको दिन नवराज उनलाई त्यहाँसम्म ल्याइपुऱ्याउन बाटो देखाउने उनका साथी रोशन चापागाईकैमा बसे । रोशन उनलाई लिन विमानस्थलमै आइपुगेका थिए । त्यसको भोलिपल्टै नवराज **किवुचकिनारेट** भन्ने ठाउँको कृषिफर्ममा पुगे । सोही दिन बेलुकापख उक्त फर्म देखाउँदै त्यसका अधिकारीहरूद्वारा उनलाई कृषिफर्मसम्बन्धी धेरै कुराको जानकारी गराइयो । अर्को दिन बिहान चार बज्नु अगावैदेखि उनी सो फर्मको काममा संलग्न भए । पहिले एक एक सय गाईका बथानलाई मिल्किङपार्लर (गाइ दुहुने ठाउँ) सम्म ल्याउन उनलाई सिकाइयो । त्यसपछि मेशिनको माध्यमले गाई दुहुने तरिका सिकाइयो । गाईका थुनमा मेशीन राखेर दुध दुहुने तरिका नवराजले बडो रमाइलो मानेर सिके ।



अध्ययनका क्रममा इजरायलमा उनले ठीक एक वर्षको समय व्यतीत गरे । इजरायलको कलेजमा पुगेपछि आफूले तालिम लिने फर्म आफैँ रोज्न पाइदैन रहेछ । कलेजले नै प्रशिक्षण गर्न जाने कृषिफर्म तोकिदिदोरहेछ । दुग्ध व्यवसायमा विशेष रुचि भएका र दुधकै बिक्री डिपो सञ्चालन गरेर बसेका नवराजका लागि राम्रै संयोग जुट्यो । सम्बन्धित कलेजले फर्म छनौट गर्दा उनलाई गाईफारममै गएर काम गर्ने अवसर प्राप्त भयो । इजरायलको **किनरेट कलेज**को तर्फबाट उनी **किबुचमा** रहेको सो फर्ममा पुगेका थिए । उनले उक्त फर्ममा रहेर नौ महिनासम्म तालिम प्राप्त गरे । एक वर्षको तालिम अवधिमध्ये बाँकी तीन महिनाको समय उनले मौरीफर्मको अध्ययनमा विताए । उनी भन्छन् “प्रशिक्षणका क्रममा गाईफर्ममै पर्छु भन्ने कुनै निश्चित थिएन । इजरायलले जे सम्बन्धी ज्ञान प्रदान गर्छ नेपाल फर्केर त्यही काम गर्छु भन्ने लागेको थियो । संयोग नै भन्नुपर्छ रुचाएकै विषयको कृषिफर्ममा रहेर ज्ञान प्राप्त गर्ने अवसर पाएँ । ” हुनत, मौरीपालन व्यवसायले पनि यी तन्नेरीलाई नलोभ्याएको त कहाँ हो र ? उनी भन्छन् “मौरीपालन पनि मैले रुचाएकै क्षेत्र हो । त्यहाँ रहँदा यस सम्बन्धी उच्चस्तरको प्राविधिक ज्ञान पनि पाएको छु । तर त्यस्तो प्रविधि अवलम्बन गरेर काम गर्ने वातावरण यहाँ उपलब्ध छैन । बरु नौ महिनासम्म आर्जन गरेको गाईपालनको ज्ञानलाई नै उपयोग गर्नु ठीक देखें र दुग्ध प्रशोधन सम्बन्धी व्यवसायमा लागें । ”

२०७३ सालमा इजरायलबाट फर्कनासाथ दुग्धजन्य पदार्थ प्रशोधन गर्ने उद्योगमा उनी जुटिहाले । विदेशबाट फर्कदा जोगाएर ल्याएको केही रकम र आफ्नो थप जेथा पनि उनले यही व्यवसायमा लगाए । घरेलु तथा साना उद्योग कार्यालयबाट व्यावसायिक फर्म दर्ता गरी सबैथोकको चाँजोपाँजो मिलाउँदैजाँदा २०७४ को बैशाखदेखि उनको यो डेरी उद्योगले उत्पादन दिन थाल्यो । इटहरी क्षेत्रमा दुग्धजन्य पदार्थको माग बढ्दैगएका कारण दुधको उत्पादन अरू बढाउनुपर्ने उनको ठम्याई छ । यसका लागि व्यवसायको उत्पादन क्षमता विस्तार गर्ने सोचाइमा उनी रहेका देखिन्छन् ।

इजरायलमा रहँदा समयको महत्व बुझ्ने काम राम्रैसँग भएको उनको अनुभव छ । उनी भन्छन् “तालिमका क्रममा मैले काम गर्ने फर्म दस बिघामा फैलेको थियो । त्यहाँका मैनेजर हरेक दिन बिहानदेखि बेलुकासम्म नै त्यहीं घुमिरहेका हुन्थे । दिनमा तीन चार पटक त, मेरै छेउमा आएर अवलोकन गरिरहन्थे । ”

हाम्रो मुलुकको पशुपालनको ढङ्ग र त्यहाँको तरिकाबिच निकै ठूलो अन्तर रहेको र कतिपय कुरा त, आफूलाई अनौठो समेत लागेको बताउदै उनी भन्छन् “त्यहाँ त,गाईले गोरू खोजेको अवस्थाको जानकारी समेत कम्प्यूटरले पो दिदोरहेछ ।” गोठमा रहेका गाईहरूमध्ये कुन गाई कत्तिको चलायमान भइरहेछ ,अनि त्यो चञ्चलता के को लागि ? पशु मनोविज्ञानका यस्ता विविध पक्षलाई कम्प्यूटरमा रेकर्ड राखिने र त्यस्तो रेकर्डको आधारमा आवश्यक काम गर्नुपर्नेजस्तो पद्धतिलाई उनले नजिकबाट हेर्ने र देख्ने मात्र होइन त्यसमा अभ्यस्त समेत हुने अवसर पाए । लात्ती हान्नेखालको वा खुट्टा चलाउनेखालको गाइका लागिचैं अङ्कुशे लगाउने काम पनि मेशिनबाटै गर्नुपर्ने रहेछ । यो प्रविधिको प्रयोग पनि उनले रमाइलो मान्दै सिके । यस्ता धेरै प्रविधिहरुसँग उनी अनौठो मानी मानी अभ्यास गर्ने गर्थे ।

तालिमको अन्तिम चरणमा कलेजमा प्रजेन्टेसन गर्नुपर्ने हुन्छ । नवराजले पनि नेपालमा गएर गाइ पाल्छु र दुग्ध व्यवसाय गर्छु , अब नेपालमा मैले गर्ने दुध प्रशोधनको काम यस्तो तरिकाको हुनेछ भनेर उनले उक्त प्रस्तुतिका क्रममा दसवटा स्लाइड नै प्रस्तुत गरे । रोजगारीको खोजीमा विदेश जान चाहनेलाई के भन्नुहुन्छ त, भन्ने जिज्ञासामा उनी भन्छन् “विदेश गएर केही सिक्नु जान्नु राम्रो कुरा हो । यसका लागि जानूस् तर सीप सिकेर फर्कने हो भने मात्र जानूस् , उतै भासिने कामचैं नगर्नुस् ।”

त्यसो त,विदेशबाट सीप सिकेर आएका मान्छेमध्ये कतिपय नेपालमा भौतारिएर बस्नेगरेको कुरामा उनी चिन्तित पनि देखिन्छन् । काम गर्छु भन्ने कुरामा जाँगर र सीप समेत भएका जनशक्तिलाई आवश्यक पर्ने थोरै साधन स्रोत पनि राज्यले दिन नसकेका कारण उनीहरू आफ्नो सीपलाई कुज्याउन बाध्य भएको नवराजको ठम्याइ छ । उनी भन्छन् काम गर्छु भन्ने जोश जाँगर भएका र उताबाट सीप सिकेर आएकालाई सफल उद्यमी बनाउन आवश्यक पूँजी र प्रविधिको जोहो राज्यले पनि गरिदिनुपर्छ ।” वास्तविक रूपले काम गर्ने मेहनती र इमान्दार किसानलाई खोजी खोजी सहुलियत कर्जाको जोहो गरिनुपर्ने उनको सुझाव छ । यही कामको लागि साना किसान कृषि सहकारी संस्था , साना किसान विकास बैंक र सरकारको कृषि सम्बन्धी निकायबिच समन्वयको आवश्यक्ता रहेको र हालको साना किसान विकास लघुवित्त वित्तीय संस्थाले यसका लागि महत्वपूर्ण भूमिका खेल्न सक्ने उनको ठम्याई छ ।

इजरायलले दिएको ज्ञान र चेतनालाई तिखार्दैगरेका नवराज गोठगाउँ क्षेत्रमा कुशल दुग्ध व्यवसायीको रूपमा उदाउदैगर्दा उनलाई इजरायल पुऱ्याउन बाटो देखाउने रोशन चापागाई भने त्यही इजरायलमा पाएको प्रशिक्षणलाई उपयोग गर्दै झापाको माटोमा पशुपालन एवं तरकारी खेती सम्बन्धी एकीकृत फर्म चलाएर बसेका छन् । साना किसान कृषि सहकारी संस्था सुन्दरपुर र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. दुवैको सहकार्यका कारण आफूले इजरायलमा गई सीप सिकेर आउने मौका पाएकोमा नवराज यी दुवै संस्थाप्रति नतमस्तक छन् ।

इजरायलमा गएर महको व्यवसाय र गाईपालनसम्बन्धी प्रविधि बाहेक यी तन्नेरीले के सिके त ? उनी भन्छन् “मेहनतले नै भाग्य बनाउदोरहेछ, इजरायलको बसाइबाट मैले पाएको यो महत्वपूर्ण ज्ञान हो । "यदी इजरायलमा पुगेर कृषिफर्ममा तालिमको अवसर नपाएको भए अहिले के गर्दै हुनुहुने थियो त, भन्ने हाम्रो अन्तिम जिज्ञासामा उनी भन्छन् “कि पहिलेझैं इटहरीको सानो दुध बिक्री केन्द्रबाट दुध बेचिरहेको हुन्थे अथवा खाडी मुलुकतर्फ पुगेर अर्काकै माटोमा पसिना पोखिरहेको हुन्थें ।”

**(सामग्री सङ्कलन एवं प्रस्तुति : गोकुल चन्द्र अधिकारी)**



CamScanner

# सामूहिक तरकारी खेतीको अभ्यासमा
# पाटीचौर साना किसान सहकारी



काभ्रेपलान्चोक जिल्लाको पश्चिम उत्तरतर्फ रहेको शंखुपाटीचौर जो हाल धुलिखेल नगरपालिका वार्ड नं. १२ मा पर्छ त्यहाँ **पाटीचौर साना किसान सहकारी** नामको एक कृषि सहकारी संस्था छ,जसको कार्यक्षेत्र धुलिखेल, पनौती र नमोबुद्ध गरी तीन नगरपालिकाका केही वडाहरूमा रहेको छ। २०६८ सालमा २५ जना साना किसान मिलेर गठन गरिएको यो सहकारी संस्थामा अहिले (२०७६ असारमा) ७९३ जना सदस्यहरू रहेका छन् । कुल सदस्यहरूमध्ये महिला सदस्यको संख्या ५७३ रहेको छ ।

२०७६ असार मसान्तको विवरण वमोजिम यो सहकारी संस्थाले स्थानीय कृषक सदस्यहरूबाट रू.१ करोड ६१ लाख बचत परिचालन गरेको छ भने साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट रु १ करोड १७ लाख थोककर्जा प्राप्त गरेको छ । यसरी प्राप्त थोककर्जा तथा आफूले परिचालन गरेको निक्षेपसमेत गरी यस सहकारीले कूल २ करोड १८ लाख रूपैयाँ विभिन्न परियोजनाका लागि मेहनती किसानहरूलाई छनौटको आधारमा कर्जा प्रदान गरेको छ । आफ्नो छुट्टै भवन निर्माणका लागि रू. २१ लाखमा जग्गा समेत खरिद गरिसकेको यो संस्थाले आजसम्म अफूले आर्जन गरेको ख्याती र विश्वासकै कारण यसलाई आफ्नो भवन निर्माण गर्न विभिन्न संस्थाहरूको साथ सहयोग प्राप्त भैसकेको छ । साना किसान विकास बैंक, धुलिखेल नगरपालिका, प्रदेश सभा सांसद कोष, सहकारीको कार्यालय रहेको वडा समिति र सेयर सदस्यबाट गरी रू.५० लाख घर निर्माणको लागि यस संस्थालाई प्राप्त भैसकेको छ ।

पाटीचौर सहकारीजस्ता संस्थाहरू त, मुलुकमा प्रशस्त छन् । सबैले बचत र कर्जाको काम पनि गरिरहेकै छन् । पाटीचौर सहकारीको अलग्गै परिचय चै के हो त ? अन्य सहकारीले नगरेका वा कमै मात्र गरेका केही नमूनाजनक कामको थालनी यो सहकारीले आरम्भ गरेको बताउँदै उक्त सहकारी संस्थाका अध्यक्ष सीताराम भट्टराई भन्नुहुन्छ "सामूहिक खेतीको अवधारणा हाम्रो गन्तव्य हो, एकभन्दा बढी कृषकहरू मिलेर आधुनिक प्रविधिमा आधारित तरकारीखेतीको अभ्यास हामीले केही वर्ष अगाडिदेखि गर्न थालेका छौं "

पाटीचौर सहकारीको कार्यालय नजिकै तरकारी खेतीको एउटा परियोजना देख्नसकिन्छ । अलि परबाट हेर्दा प्लास्टिकले छाएका छानाहरू रहेको सानो टोल वस्तीजस्तो देखिने यो परियोजनाको नजिक पुगेर हेर्दा कृषि प्रविधिको भाषामा टनेल भनिने ५० वटा जति प्लास्टिकका बेराभित्र तरकारीहरू फलाइएको देख्नसकिन्छ । पाटीचौरक्षेत्रका पुराना वासिन्दाहरू मिलेर २०७४ सालदेखि यसकिसिमको तरकारी खेतीको आरम्भ गरेका हुन् । यी टनेलहरूभित्र उनीहरू गोलभेडा, काउली,बोडी आदि फलाउनेगर्छन् ।




पाटीचौर सहकारीले प्रवर्द्धन गरेको यस्तै प्रकारको अर्को पनि तरकारी खेतीको परियोजना सहकारी कार्यालयको नजिकै देख्नसकिन्छ । यस सहकारीका २५ जना सदस्यहरूको रू.१२ लाख ५० हजार तथा सहकारी संस्था स्वयंको रू ५ लाख गरी कूल १७ लाख ५० हजारको लगानीमा २०७४ सालदेखि त्यो परियोजना सञ्चालित छ । यस ठाउँमा यसरी टनेल निर्माण गरी तरकारी खेती गर्ने कामको थालनी सो सहकारीका ऋणी सदस्य सीताराम भट्राई ( हाल सो सहकारीका अध्यक्ष) ले आरम्भ गरेका थिए । भट्टराई अहिले त्यत्तिकै ठूलो अर्को छुट्टै परियोजना निर्माण गरेर तरकारी खेतीमा लागेका छन् । यसप्रकार उनले आरम्भ गरेको त्यो पहिलो परियोजनालाई अहिले उनी वाहेकका २५ जना किसानहरूले सञ्चालन गरिरहेका छन् । यस टनेलभित्र काउली, टमाटर, बन्दा, बकुल्ला सिवी, बोडी लगायतका तरकारीको खेती गर्ने गरिएको छ ।

पाटीचौरका किसानहरूले उत्पादन गरेको तरकारी बिक्री गर्न टाढा गइरहनु पर्दैन । बिचौलियाहरू बारीमै तरकारी सङ्कलन गर्न आइपुग्छन् । उनीहरूले सञ्चालन गरेको यो फर्ममा दस जना कामदारले नियमित रूपमा रोजगार पाएका छन् ।

यी दुवै परियोजनाको बिचमा अर्को ठूलो र अत्याधुनिक किसिमको टनेल देख्नसकिन्छ । यो टनेलमा बिरुवालाई आवश्यक पर्ने हावाको लागि जाली लगाइएको छ भने त्यसलाई छेक्ने समेत व्यवस्था भएकाले किट पतिङ्गरको डर हुँदैन । जसले गर्दा त्यहाँ कीटनाशक औषधीको प्रयोग गरिरहनु पर्दैन । यो टनेलभित्र विरुवालाई चाहिने पानीका लागि थोपा सिँचाई प्रणाली अवलम्बन गरिएको छ ।

पाटीचौर सहकारी संस्थाका सहकारीकर्मी सीताराम भट्टराईले आरम्भ गर्नुभएको यो परियोजनामा उहाँको १२ लाख रूपैया लगानी रहेको छ । इमान्दार र मेहनती कृषकलाई यस्ता आयामिक काम गर्न सरकारको सम्बन्धित निकाय पनि तयार हुँदोरहेछ । यस किसिमको परियोजना सञ्चालन गरिने भएपछि उनलाई कृषि निर्देशनालायले थप १३ लाख अनुदान उपलब्ध गराएको छ । यसरी कूल २५ लाखको लगानीमा तयार पारिएको यो टनेलले त्यस ठाउँलाई आकर्षक कृषि केन्द्रको रूपमा समेत चिनाएको छ । (बाँकी ७ पृष्ठमा)



CamScanner

# प्रगति समीक्षा तथा कार्ययोजना तर्जुमा गोष्ठी

१ असोज, काठमाडौं ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को आर्थिक वर्ष २०७५।७६ को समीक्षा तथा २०७६।७७ को वार्षिक कार्ययोजना सम्बन्धी गोष्ठी सम्पन्न भएको छ । २०७६ भाद्र ३१ र असोज १ गरी दुई दिनसम्म काठमाडौंमा आयोजित उक्त गोष्ठीमा पशुपालन कर्जा, तरकारी खेती कर्जा, ग्रामीण स्वावलम्बन कर्जालगायतका विषयमा छलफल भएको थियो ।

संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला तथा नायब प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टराईका साथै केन्द्रीय कार्यालयका मुख्य प्रबन्धक, प्रबन्धकहरू, सल्लाहकारहरूसमेतको सहभागिता रहेको उक्त कार्यक्रममा यस संस्थाका १० वटा इलाका कार्यालयका प्रबन्धकहरू तथा इलाका कार्यालय, बनेपाका अधिकृतको समेत सो गोष्ठीमा उपस्थिति रहेको थियो । कार्यक्रमको संयोजन प्रबन्धक श्री युवराज गैरेले गर्नुभएको थियो ।

दुई दिनसम्म सञ्चालन भएको सो गोष्ठीमा पहिलो दिनको सभाको अध्यक्षता संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकले गर्नुभएको थियो । पहिलो दिनको कार्यक्रममा कार्यक्रम संयोजक श्री युवराज गैरेले समीक्षा गोष्ठीको औचित्यमाथि प्रकाश पार्दै सबै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । मुख्य प्रबन्धक श्री कृष्ण प्रसाद लामिछानेले संस्थाको आ.व.२०७५/७६ को प्रगतिबारे प्रकाश पार्नुभएको थियो। सो गोष्ठीमा सबै इलाका प्रबन्धकहरूले आआफ्नो इलाका कार्यालयको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।








कार्यक्रमको दोस्रो दिनको सभाको अध्यक्षता प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाले गर्नुभएको थियो। सो सभामा सीआइबी तथा कम्प्लायन्स सम्बन्धी जानकारी, पशुपालन तथा तरकारी खेती कर्जा कारोबार सञ्चालन कार्यपद्धति, तथा नेपाल सरकारका कार्यक्रम र आ.व.२०७६/७७ को कार्ययोजनाका साथै स्वावलम्बन कर्जा कार्यपद्धति तथा कर्मचारी वृत्ति विकास, योजना एवं कार्यक्रम सम्बन्धमा छलफल भएको थियो ।

सहभागीहरूको प्रस्तुति पश्चात प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला र नायब प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टराईले त्यसमाथि टिप्पणी गर्दै आवश्यक निर्देशन दिनुभएको थियो । अन्तमा, संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकले गोष्ठीमा उठेका विषयहरूमाथि आफ्नो मन्तव्यलाई केन्द्रित गर्दै निर्देशन सहित कार्यक्रम समापन गर्नुभएको थियो ।

## पाटीचौर . . .

यसबाहेक कुखरापालन,भैंसीपालन गाईपालनजस्ता परम्परागत लगानीका क्षेत्रहरूबाट पनि यस सहकारीका ऋणी सदस्यहरू प्रशस्त रूपमा लाभान्वित भएका छन् ।

यस सहकारी संस्थाले वित्तीय साक्षरता तालिम,स्वास्थ्य वीमा सम्बन्धी चेतनामूलक कार्यक्रम,माटो परीक्षणको सेवा,कृषि चून वितरणजस्ता सेवा प्रदान गर्नुका साथै हरेक सदस्यलाई वर्षमा एकपटक तरकारीको बिउ निशुल्क वितरण गर्नेगरेको छ ।

पाटीचौरजस्ता सक्रिय सहकारीहरू, साना किसान विकास लघुवित्त वित्तीय संस्थाजस्ता थोककर्जा एवम् क्षमता विकास गरिदिने संस्थाको सद्‌दृष्टि अनि सीताराम भट्टराईजस्ता जाँगरिला र आत्मविश्वासले भरिएका कृषकहरूका पसिना यहाँको भूगोलमा अविराम रूपमा पोखिरहनसके सुन्तलाको लागि पनि केन्द्र मानिने काभ्रेपलाञ्चोक जिल्लाको यो भूभाग भविष्यमा कृषि पर्यटनका लागि आकर्षक गन्तव्य बन्न सक्ने देखिन्छ ।





CamScanner

दैनिकीको डायरीबाट

# साना किसानको आँगन टेक्ने रहरमा एक दिन

– झलेन्द्र भट्टराई*

साना किसान अभियन्ता सुखदेव न्यौपानेज्यूले साना किसान आनन्दवन र शङ्करनगरका अगुवाहरूसँग अन्तरक्रियाका लागि धेरै अघिदेखि बोलाउनु भएको थियो । मलाई अनौपचारिक रूपमा अनअफिसियल्ली जान मन थियो । कहिलेकाहीँ समय मिलाएर यसरी हिँड्न पापउँदा बेग्लै आनन्द प्राप्त हुने गर्छ । बल्ल आज २०७६ जेठ र १७ गते शुक्रबार त्यसका लागि साइत जुऱ्यो । म त्यहाँ जाने कुरा साना किसान देवदहलाई पनि थाहा भएछ । विहान ३ घण्टा देवदह र दिउँसो ३ घण्टा आनन्दवन शङ्करनगरमा कार्यक्रम गर्ने गरी उहाँहरूले कुरा मिलाउनु भएछ ।

अफिसमा बिदा लिएं । बिहान सातबजे नै खाना खाएं । ८.:०५ को प्लेन भ्याउन ७:३० मा बिमानस्थल पुगें । प्लेन एकैछिनमा आउंछ भन्दै विमानस्थलले केही क्षण पर्खायो र ९:३० बजेपछि बोर्डिङ्ग गरायो । ल्यापटप बोकेको थिइन, २ घण्टा खाली बसियो । अनि प्लेनभित्र पसिसकेपछि पनि एयर ट्रफिकका कारण भनेर आधा घण्टा थुनेर राखियो र १० बजे प्लेन उड्यो ।

सानाकिसान देवदहका प्रबन्धक साथी सरला सुबेदी आफ्नै गाडी आफैंले ड्राइभ गरी मलाई लिन



आउनु भएको रहेछ । खुशी लाग्यो । सिकारू ड्राइभर केही समय त सबैलाई डर लाग्छ नै, मलाई पनि लागिहाल्यो । तर सिपालु भईसक्नु भएछ ।

१२:३० मा देवदह पुग्नेबित्तिकै छलफल सुरु गरियो । परिवार योजना, वित्तीय साक्षरता, गरिबीका कारण, कृषिको रूपान्तरण र उद्यमशीलताको विकास एवम् संविधानत: समाजवाद उन्मुख अर्थव्यवस्थाका लागि सहकारीको भूमिका र अबको बाटो विषयमा छलफल गरियो । १ ग्लास चिसो लिएर गाडीमै बसेर पिउँदै शङ्करनगरको कार्यक्रमतर्फ लागियो । दिउँसो २ बजेदेखि ५:३० बजेसम्म माथिकै विषयमा छलफल भयो । साना किसान विकास बैंकका पूर्व सञ्चालक, साना किसान कृषि सहकारी संस्था आनन्दवनका अध्यक्ष एवम् अहिले तिलोत्तमा नगरपालिकाका




वडाअध्यक्ष समेत रहनु भएका श्री शुकदेव न्यौपाने साना किसानमा सर्वपरिचित नाम हो । उहाँको कार्यक्षेत्रमा माथि उल्लेखित विषयमा छलफल चलाउने मौका दिनु भएकोमा आभार व्यक्त गरेँ ।

साँझ ६:२० बजेको विमानबाट मैले फर्कनुपर्ने थियो । शुकदेव सरले एकाध प्रोजेक्ट हेरेर जाउं भन्नुभो । आनन्दवनका विष्णु पाण्डे (वर्ष ३४) ले सुधारिएको आधुनिक गोठमा बोयर र लोकल बाखा पाल्नुभएको रहेछ । केही बेर त्यो परियोजना हेरियो । आनन्दवनकै देवी भुसालजीको अगुवाईमा प्रदेश सरकारको सहयोगबाट ५३ परिवार मिलेर ५०० बाखा पाल्ने खोर निर्माणाधीन रहेछ । उहाँको घरमा पुगियो । उहाँ त आफैं अगुवा किसान हुनुहुँदो रहेछ । आफ्नो सुधारिएको गोठमा २७ माउ गाई र २१ बाछाबाछी रहेछन् । दैनिक ३५० लिटर दूध घरघर पुऱ्याएर प्रती लिटर ८० रूपैयाँका दरले बेच्नुहुने रहेछ । डेरीमा दिंदा ४५ रूपैयाँभन्दा बढी नपाउने भएकोले घरघर पुऱ्याएर बेच्ने गर्नुभएको रहेछ । उहाँको घरमा दुई ग्लास मोइ खाएर भैरहवा विमानस्थल पुग्दा बोर्डिङ सुरु भैसकेको रहेछ । विमानस्थलभित्र छिरियो । अनि थाहा भो - काठमाण्डुबाट भैरहवा उडेको विमान प्राविधिक गड्बडी भएर परासीबाटै फर्किएछ । नेपालगञ्जबाट काठमाडौ उडेको अर्को विमानले गन्तव्यमा यात्रु उतारेर बल्ल हामीलाई लिन



उड्ने रहेछ । विहान ७ बजेको खाना, १:३० बजेको कोल्ड ड्रिङ्क र चिया अनि ५ बजेको दुई गिलास मोईले छोडिसकेको अवस्था छ । डिपार्चर रुममा छौं किनेर खाने ठाउं छैन । भोकले पेट बटारिरहेछ । राती १०:०० बजे प्लेन भित्र छिरियो । प्लेनबाट नै यो स्टाटस लेखीरहेछु । नेट सिग्नल पाएपछि आफैं अपलोड होला । अब पटाफट भयो भने ११ बजे राती घर पुगिन्छ कि ! हेरौं अझै के के हुन बाँकी छ !

* नायब प्रमुख कार्यकारी अधिकृत, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.



CamScanner

# सहकारी संस्थामा कर्जा सदुपयोगिता



सरोज भट्टराई*

## विषय प्रवेश

सहकारी संस्था भनेका सदस्यहरूको आर्थिक सामाजिक हितको लागि गठन गरिएका वित्तीय संरचनाहरू हुन् । स्वरोजगारमूलक उद्यम गर्न चाहने सदस्यहरूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने कार्यमा यी संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ । सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई आयआर्जन वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन विभिन्न परियोजनामार्फत कर्जा प्रवाह गर्नेगर्छन् ।

सहकारी संस्थामार्फत प्रदान गरिने यस किसिमको कर्जा निश्चित उद्देश्य र शर्तमा निश्चित शअवधिका लागि प्रवाह गरिएको हुन्छ । ऋणी सदस्यहरूले संस्थाबाट लिएको कर्जालाई जुन व्यवसाय सञ्चालन गर्न भनेर लिइएको हो सोही व्यवसाय वा परियोजनामा उपयोग गर्नुपर्छ । अर्थात् आफूले प्रतिबद्धता व्यक्त गरेको उद्देश्यमै कर्जा वापत प्राप्त रकमलाई सम्बन्धित सदस्यले उपयोग गर्नुपर्छ ।

## अवधारणा एवं औचित्य

कर्जा प्रवाह भएपछि ऋणी सदस्यले तोकिएको उद्देश्य पुरा हुने गरी कर्जा स्वीकृत सम्बन्धी कागजातमा उल्लेख गरिएकै परियोजनामा उक्त रकमलाई उपयोग गरेको छ कि छैन भनेर कर्जा प्रदान गर्ने वित्तीय संस्थाले अनिवार्यरूपमा निरीक्षण गर्नुपर्छ । यस्तो निरीक्षण कार्यलाई बैकिङ वा वित्तीय शब्दाबलीमा सदुपयोगिता निरीक्षण भन्ने गरिन्छ ।

सहकारी संस्थाले उपलब्ध गराउने व्यावसायिक कर्जा कुनै न कुनै आयमूलक परियोजनाका लागि भनेरै ऋणी सदस्यलाई प्रवाह गरिएको हुन्छ । कर्जा उपभोग गर्ने ऋणी सदस्यले यसरी प्राप्त रकमलाई आफूले कर्जा आवेदनमा उल्लेख गरेको क्षेत्रमा र सहकारी संस्थाद्वारा ऋण स्वीकृत गर्दा तोकिएको परियोजनाको लागि खर्च गरेको छ भने कर्जाको सदुपयोग गरेको मानिन्छ । यदी ऋणी सदस्यले संस्थाबाट प्राप्त कर्जालाई आफूले कबूल गरेको परियोजनामा नलगाएर अन्यत्र उपयोग गरेको रहेछ भने त्यस कार्यलाई कर्जाको दुरुपयोग गरेको मानिन्छ । ऋणी सदस्यले आफूले प्राप्त गरेको कर्जा सम्बन्धित परियोजनामा लगानी गरेको देखिएमा मात्र संस्थाले त्यस्ता ऋणीलाई थप कर्जा उपलब्ध गराउनुपर्छ ।

यदि कर्जा प्रवाह गर्ने सहकारी संस्थाले सदुपयोगिता सम्बन्धी निरीक्षण बेलैमा नगर्ने हो भने ऋणी सदस्यले कर्जाको सही उपयोग नगर्न पनि सक्छन् । जसका कारण ऋणी तथा संस्था दुवै जोखिमको अवस्थामा पर्नजान्छन् । त्यसैले गर्दा सदुपयोगिता सम्बन्धी निरीक्षणलाई सहकारी संस्थाको अनिवार्य एवं नियमित काम मानिन्छ ।

## सदुपयोगिताको तथ्याङ्कगत अवस्था

ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थाहरूले विषेश गरेर कृषि ,पशुपालन ,लघुउद्योग ,मत्स्यपालन ,साना सिँचाई ,व्यापार व्यवसाय आदिजस्ता शीर्षकमा कर्जा प्रवाह गर्ने गर्दछन् । हाम्रा सहकारी संस्थाहरूबाट यी क्षेत्रहरूमा प्रवाह भएका कर्जामध्ये कति प्रतिशत अंश सदुपयोग हुनेगरेको छ अनि के कति अन्य घरायसी कार्यमा वा गैर उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने गरिएको छ भन्ने विषयमा गहन अध्ययन आजसम्म नभएका कारण त्यस सम्बन्धी भरपर्दो तथ्याङ्क हामीसँग छैन । केही संस्था विशेषले स्याम्पलिङको आधारमा खास भौगोलिक स्थानमा गरेका अध्ययनका सीमित तथ्याङ्कहरू मात्र प्राप्त गर्न सकिने अवस्था छ । यस विषयमा विश्लेषण गर्नेहरूले पनि त्यसैलाई आधार मानेर निष्कर्षमा पुग्नुपर्ने अवस्था छ ।

## आवश्यक प्रक्रियाहरू

हाम्रो देशका सहकारी संस्थाहरूले कर्जा प्रवाह त, निरन्तर गरिरहेका देखिन्छन् तर यसरी प्रदान गरिएको कर्जाको उपयोग निर्धारित उद्देश्य बमोजिम नै हुनेगरेको छ छैन भनेर ऋणी सदस्यको घरआँगनसम्म पुगेर निरीक्षण गर्ने कामलाई प्राथमिकतामा राखिएको देखिदैन । कतिपय संस्थाले यो कामलाई महत्व दिनेगरेको भए पनि त्यसका लागि आवश्यक संयन्त्रको व्यवस्था संस्थाभित्र राम्रोसँग भएको पाइदैन । जसका कारण संस्थाबाट प्रवाह भएका कतिपय कर्जाहरू गैर व्यावसायिक क्षेत्रमा उपयोग हुन गई उच्च जोखिमको अवस्थामा पुगेका हुन्छन् । अतः यस किसिमका कर्जा सम्बन्धी जोखिमबाट बच्न कर्जा सदुपयोगितामा उच्च ध्यान दिनुपर्ने देखिन्छ । जसका लागि सहकारी संस्थाले निम्न प्रक्रियाहरू अपनाउनु आवश्यक छ ।

### (क) कर्जा प्रदान गर्नु अगावै निरीक्षण/ अवलोकन

कर्जा माग गर्ने सदस्यको घर वा परियोजनास्थलमा पुगेर कर्जा लगानीपूर्व गरिने नीरीक्षण भ्रमणले पनि सदुपयोगितामा टेवा पुऱ्याउछ । लगानीपूर्वको अवलोकन भनेको सदुपयोगिताको आरम्भबिन्दु हो । उक्त प्रक्रियाले ऋण उपयोग गर्ने सदस्यले कर्जाको उद्देश्य अनुसारको पूर्वाधारको व्यवस्था वा तयारी गरेको छ कि छैन भन्ने विवरण सङ्कलन गरी यथोचित निर्णयमा पुग्न महत्वपूर्ण रूपमा सघाउ पुग्छ । सदस्य ऋणीले परियोजना देखावटीरूपमा वा कागजीरूपमा मात्र प्रस्तुत गरेको हो वा ऊ वास्तविकरूपमै व्यवसाय गर्न तत्पर छ भन्ने विषयमा लगानीपूर्वको अवलोकनबाट धेरै कुरा जान्न सकिन्छ ।

कर्जाको उपयोग अन्यत्र गैर व्यावसायिक कामका लागि गर्न खोजिएको रहेछ भने त्यो कुरा यस किसिमको पूर्व निरीक्षणबाट बेलैमा थाहा हुने भएकाले त्यसतर्फ सजगता अपनाउन संस्थालाई सघाउ पुग्छ र कर्जा सम्बन्धी सम्भावित नोक्सानी वा जोखिमबाट बच्न सकिन्छ ।

### (ख) प्रभावकारी संयन्त्रको व्यवस्था

कर्जा प्रदान गरिसकेपछि सहकारी संस्थाले अनुगमन कार्यलाई महत्वका साथ निरन्तरता दिनुपर्छ । त्यसको लागि संस्थाभित्र कर्जा अनुगमन संयन्त्र तयार गर्नुपर्छ । कर्जा लगानी असुली

* लेखक साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., बनेपाका इलाका प्रबन्धक हुनुहुन्छ ।



CamScanner

नीतिमा सदुपयोगिता सम्बन्धमा स्पष्ट व्यवस्था गरिनुपर्दछ । कर्जासँग सम्बन्धित पदाधिकारीले सदुपयोगिता सम्बन्धी अभिलेखका लागि संस्थामा कर्जा सदुपयोगिता रजिस्टर वा कर्जा सदुपयोगिता फारम भरी कर्जा लिने ऋणीको फायलमा राख्ने काम नियमितरूपमा गर्नुपर्छ। सञ्चालक समितिको मासिक बैठकमा समेत कर्जा सदुपयोगिताको विषयमा छलफल गर्नुपर्छ ।

**(ग) सदुपयोगसम्बन्धी कार्यको प्रवर्धन–**

सदुपयोगिता सम्बन्धी निरीक्षणका क्रममा कर्जा उपयोग गरेपछि कर्जा लिने सदस्यको आर्थिक सामाजिक स्तरमा गुणात्मक प्रगति भयो भएन भनेर हेर्ने गरिन्छ । कर्जाको दुरुपयोग सम्बन्धी कार्यलाई निरुत्साहित तुल्याउनुपर्छ भने त्यसको सदुपयोग गरेर ऋणीले आफ्नो जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याएको छ भने त्यस्ता विषयलाई सक्दो प्रवर्धन र प्रचार गर्नुपर्छ। यसबाट सम्बन्धित ऋणी सदस्यमात्र नभएर बाँकी सदस्यमा पनि कर्जा सदुपयोग गरेर जीवनस्तर उकास्ने काममा प्रेरणा मिल्छ। त्यस्ता इमान्दार र मेहनती ऋणी सदस्यलाई सफल व्यवसायी भनेर संस्थाको वार्षिकोत्सव,साधारण सभालगायतका समारोहमा सम्मानित र पुरस्कृत पनि गर्नुपर्छ ।

**(घ) लगानीपूर्व प्रतिबद्धता–**

कतिपय ऋणी सदस्यको नियत नै कर्जालाई गैर व्यावसयिक उपयोग गर्ने हुनसक्छ । त्यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न कर्जा स्वीकृत प्रक्रियाकै चरणमा लिखित तथा मौखिक रूपमा त्यस सम्बन्धमा प्रतिबद्धता जनाउन लगाउनुपर्छ । यसोभएमा कर्जा दुरुपयोग भएको खण्डमा संस्थाको नियम अनुसार कारवाही गर्नसमेत सहज हुन्छ । ऋणी सदस्यले कर्जाको दुरुपयोग गरेको खण्डमा के गरिने छ भन्ने विषयमा संस्थाले गरेको नीतिगत व्यवस्थाबारे पनि कर्जा उपयोग गर्ने सदस्यलाई कर्जा लैजानु अगावै सबै कुरा राम्रोसँग जानकारी गराउनुपर्छ ।

**(ङ) पूरक सेवा एवं बजार पहुँचको व्यवस्था –**

व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने सहयोगी वा पूरक सेवा तथा उचित बजार व्यवस्थाको अभावका कारण कतिपय ऋणी सदस्यले उपयोग गरेको कर्जा जोखिममा परेको देखिन्छ । जस्तो गाइपालनका लागि लगेको कर्जा डेरी व्यवसायसँग समन्वय नहुँदा वा दुधसम्बन्धी बजार पहुँच नभएका कारण परियोजना नै धरासयी हुनपुगेको समेत देखिन्छ ।

यस किसिमको सम्भावित जोखमबाट जोगिदै कर्जाको सही सदुपयोग गराउन सहकारी संस्थाहरूले सदस्यहरूलाई कर्जा लगानी गर्नु अगावै परियोजनासँग सम्बन्धित सहायक सेवाहरूको अवस्थाबारे पनि गहिरो विश्लेषण गर्नुपर्दछ। यसका लागि सम्भव भएसम्म सहकारी संस्था स्वयंले यस किसिमका पूरक सेवा र बजारीकरणसँग सम्बन्धित संयन्त्रको जोहो वा विकास गरिदिनु पर्छ । सो सम्भव नभए त्यस्ता सेवाहरू प्रदान गर्नको लागी अन्य निकायहरूसँग समन्वय गरिदिनुपर्छ । यस सम्बन्धमा छिमेकी देशहरूका अभ्यास र अनुभवलाई पनि आधार बनाउन सकिन्छ। भारतको किसान बैंकले किसानहरूलाई कर्जा लगानी गर्दा १०० भन्दा बढी सहायक सेवाहरू सँगसँगै प्रवाह गर्नेगरेका छन् । जसले गर्दा उनीहरूले प्रवाह गरेको कर्जा सदुपयोग हुने कुरामा कुनै शंका रहँदैन ।

**निष्कर्ष**

सहकारी संस्थाबाट प्रवाह भएका कर्जा रकमको दुरुपयोग हुन नपाओस् , यस किसिमको वित्तीय स्रोतको माध्यमबाट ऋणी सदस्यहरूले आफ्नो जीवनस्तरमा सुधार ल्याउन सकून् भन्नेतर्फ संस्थाको सर्वोच्च अङ्गको रूपमा रहेको सञ्चालक समिति सबैभन्दा ज्यादा जिम्मेवार हुनु आवश्यक छ । माथि उल्लेखित कुराहरूसँग सम्बन्धित नीतिगत व्यवस्था संस्थाभित्र सञ्चालक समितिले गरिदिनुपर्छ । सहकारी ऐन २०७४ले पनि कर्जा दुरुपयोग गर्ने सदस्यलाई कारवाही गर्न सकिने व्यवस्था गरेको छ । सरकारले गरेका यस्ता नीतिगत व्यवस्थालाई समेत आधार बनाएर सहकारी संस्थाहरूले आफ्नो कर्जा नीतिमा सदुपयोगिताको विषयलाई विशेषरूपमा उल्लेख गर्नु आवश्यक देखिन्छ ।

सहकारी संस्थाको लेखा समितिले पनि नीरीक्षणको क्रममा कर्जा सदुपयोगिता सम्बन्धी विषयलाई उच्च प्राथमिकतामा राख्नेगरेको पाइदैन । आन्तरिक लेखा परीक्षण एवं निरीक्षणसम्बन्धी कार्य गर्दा संस्थामा आइपर्न सक्ने सम्भावित जोखिमलाई विश्लेषण गर्दै कर्जा सदुपयोगितालाई उच्च प्राथमिकतामा राखेर हेर्ने अभ्यास आरम्भ गर्नुपर्छ। यसो हुनसकेमा ऋणी सदस्यहरू न्यून जोखिमको अवस्थामा हुनुका साथै थप उद्यमशील हुन पुग्नेछन् अनि संविधानले लिएको तीन खम्बे अर्थनीति अनुरूपको लक्ष्यसमेत पूरा भई समृद्ध नेपाल निर्माणमा सहकारीहरूको योगदान दिगो र दरिलो हुनपुग्ने छ ।

# अनाथ बालबालिकाको शिक्षाको लागि सहयोग

३ असोज, काठमाडौं ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले अनाथहरूका पठनपाठनमा सघाउ पुऱ्याउन आर्थिक सहयोग गरेको छ । २०७६ असोज ३ गते संविधान दिवसको उपलक्ष्यमा यस वित्तीय संस्थाले काठमाडौंमा एक विशेष कार्यक्रमको आयोजना गरी संस्थाको तर्फबाट रू. १ लाख ५० हजार अनाथहरूका लागि प्रदान गरेको हो ।

अनाथहरूलाई संरक्षण गर्दैआएको संस्था कृष्ण प्रणामी सत्सङ्ग सेवा समिति,काठमाडौंलाई प्रदान गरिएको उक्त रकमबाट आश्रममा रहेका २४ जना अनाथहरुलाई एक वर्षसम्मको शिक्षा दीक्षामा सहयोग पुग्नेछ ।

कार्यक्रममा साना किसान लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाले उक्त रकमको चेक सो सेवा समितिका महासचिव नन्दकिशोर शर्मालाई हस्तान्तरण गर्नुभएको थियो ।

सो कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का अध्यक्ष खेम बहादुर पाठकले यो संस्थाले मुलुकभर नै गरिबी न्यूनीकरणका लागि किसान केन्द्रित वित्तीय कार्यक्रम सञ्चालन गरेको बताउनुभयो ।

यस वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत उक्त रकम संविधान दिवसको सन्दर्भ पारेर अनाथहरूका काल्याणका लागि प्रदान गरिएको समेत उहाँले बताउनुभयो ।

देशभरीका ८ लाखभन्दा ज्यादा साना किसान



परिवारलाई यो संस्थाको तर्फबाट वित्तीय सेवा पुग्नसकेको तथा वर्षभरीमा १५ हजारभन्दा बढी साना किसानलाई क्षमता विकास सम्बन्धी तालिम प्रदान गर्नेगरिएको उहाँले उल्लेख गर्नुभयो ।



CamScanner

# नेपालको माटोमा इजरायली सीप उपयोग गर्दै कृषकहरू

मनिष महतो*

इजरायलको कुल वासिन्दामध्ये २ देखि ३ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा लागेका छन् तर यहि ३ प्रतिशत जनसंख्याले त्यहाँको कृषि क्षेत्रलाई कायापलट गरेका छन् । इजरायलले चमत्कारपूर्ण रूपमा गरेका यी असल अभ्यासलाई नजिकबाट हेर्ने र बुझ्ने अवसर नेपालका कृषकहरुलाई पनि प्रदान गर्न साना किसान विकास लघुवित्त वित्तीय संस्थाले इजरायलमा रहेका ५ वटा कृषि कलेज तथा तालिम केन्द्रसँग सहकार्य गरी सन् २०१३ देखि साना किसानहरूलाई कृषि प्रशिक्षणका लागि इजरायल पठाउने गरिएको छ । सानाकिसान परिवारका ३० वर्ष उमेर ननाघेका सदस्यहरू मात्र यसका लागि गरिने छनौट प्रक्रियामा समावेश हुन पाउने व्यवस्था छ । यसरी छनौट हुन आवेदन गर्नको लागि साना किसान कृषि सहकारी संस्थाको शेयर सदस्य हुनुपर्ने वा शेयर सदस्यको एकाघर परिवारको सदस्य हुनुपर्ने छ ।

आर्थिक वर्ष २०७०/७१ देखि आरम्भ गरिएको यो प्रशिक्षण कार्यक्रमबाट २०७६/७७ सम्ममा २,६७७ जना साना किसानहरू इजरायलबाट कृषि तालीम सम्पन्न गरेर फर्किसकेका छन् भने ४८५ जना त्यहाँका विभिन्न कलेजहरूमा तालिम लिइरहेका छन् ।

१० देखि ११ महिनाको तालिम अवधिमा इजरायल पुगेका साना किसानहरूले नयाँ र आधुनिक प्रविधिका कृषि प्रणालीको ज्ञान प्राप्त गर्नुका साथै केही अर्थोपार्जन गर्ने समेत अवसर प्राप्त गर्दछन् । नेपालस्थित इजरायली दूतावाससँगको सहकार्यमा प्रशिक्षणमा जाने किसानहरूको छनौट गर्नेगरिन्छ ।

यसरी इजरायलबाट प्रशिक्षण लिएर स्वदेश फर्केका कृषकहरूले आफ्नै गाउँघरमा कृषि इलम गरेर आफूलाई स्वरोजगारयुक्त बनाएका छन् , आफू मात्र होइन गाउँघरका अरु बेरोजगारलाई पनि काम दिन सकेका छन्, मेहनत गर्न सिकाएका छन्, थोरै पानीबाट पनि राम्रो उत्पादन गर्न सकिने थोपा सिँचाई प्रणाली प्रयोगमा ल्याएका छन्, युगौं पुरानो निर्वाहमुखी कृषिलाई बैज्ञानिक र व्यावसायिक बनाउने उदाहरणीय काम गरेका छन्, आफूले इजरायलका ठूला कृषि फर्मबाट प्राप्त गरेको ज्ञानलाई गाउँघरका मेहनती किसान दाजुभाइलाई पनि सिकाएका छन् ।

यसरी इजरायलबाट प्रशिक्षित नेपाली किसानहरूमा रहेको जाँगर, सीप र सफलतालाई तल समावेश गरिएका केही तस्वीरहरूले पनि राम्रोसँग पुष्टि गर्दछन् ।

**साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको हालसम्मको प्रगति विवरण**

| क्र.स. | वर्ष | जिल्ला | साना किसान कृषि सहकारी संस्था लि. को संख्या | प्रशिक्षार्थी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा | |
| १ | २०७०-२०७१ | ८ | ६३ | १७९ | २६ | २०५ | तालिम लिई नेपाल फर्किसकेका |
| २ | २०७१-२०७२ | २१ | १५९ | ४५६ | ६२ | ५१८ | |
| ३ | २०७२-२०७३ | ३३ | १६५ | ३५३ | ७८ | ४३१ | |
| ४ | २०७३-२०७४ | ६० | ३०८ | ३६१ | ८३ | ४४४ | |
| ५ | २०७४-२०७५ | ६६ | ४३१ | ४३८ | १०४ | ५४२ | |
| ६ | २०७५-२०७६ | ५५ | ४०८ | ४३३ | १०४ | ५३७ | |
| ७ | २०७६-२०७७ | ५८ | ४०० | ४०१ | ८४ | ४८५ | अध्ययनरत |
| जम्मा | | | | २६२१ | ५४१ | ३१६२ | |

* का.मु. वरिष्ठ अधिकृत, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.



CS CamScanner

इजरायलबाट एक वर्षे कृषि प्रशिक्षण सकेर फर्किएपछि बाखापालनमा लागेका नेउलापुर बर्दियाका प्रेमप्रसाद लामिछानेको बाखाफर्ममा ११२ वटा उन्नत जातका बाखाहरु छन्। यिनले ४ जना कामदारलाई मासिक ११ हजार तलब पाउनेगरी काम दिन सकेका छन्। हाल उनी सबै खर्च कटाएर मासिक रू.एक लाख आम्दानी गर्ने गर्छन्।






झापा जिल्लाको झापा गाउँपालिका ३ निवासी चन्द्रप्रसाद बस्नेत इजरायल पुगी झन्डै एक वर्षको प्रशिक्षण सम्पन्न गरेर फर्केपछि उनी अहिले आफ्नै घरगाउँमा व्यावसायिक कृषि कर्ममा व्यस्त देखिन्छन्। उनले हाल २० विगाहा जमीन लिजमा लिएर केरा, कागती तथा सजिउनको खेती गर्न सुरु गरेका छन्। ५ वर्षभित्रमा केरा तथा फलफूल उद्योग स्थापना गर्ने उनको योजना छ। इजरायलमा आफूले सिकेको सीपलाई उपयोग गर्दै बिउबिजन बैंकको कामसमेत उनले आरम्भ गरेका छन्।





इजरायलको एक वर्षे कृषि प्रशिक्षण सम्पन्न गरी स्वदेश फर्केका दरुवा दाङ निवासी वसन्त चौधरीले आफ्ना बुबा र आमसँग मिलेर ३० कठ्ठा जग्गामा व्यावसायिक रूपमा तरकारी खेती आरम्भ गरेका छन्। आफ्नो गाउँठाउँमा रहेको साना किसान कृषि सहकारी संस्था लि.बाट कर्जा प्राप्त गरी व्यवसाय आरम्भ गरेका चौधरी तरकारीको बिक्रीबाट वार्षिक ३० लाख आम्दानी गर्छन्।







CamScanner



# सुन फल्ने माटोमा

**कुनै समय बैंक, संस्थान र लोकसेवा आयोगका परीक्षादेखि हाजिरीजवाफ प्रतियोगितासम्ममा "नेपालमा साना किसान विकास कार्यक्रम कहिलेदेखि आरम्भ भयो ?"** भन्ने प्रश्न नबिराइ सोध्ने गरिन्थ्यो । त्यति मात्र होइन नुवकोटको **तुप्चे** र धनुषाको **महेन्द्रनगर** भन्ने स्थान साना किसान कार्यक्रमलाई पहिलोपटक प्रयोग गरिएको भूभागको रूपमा चिनिन्छन् भन्ने कुरा पनि सामान्य ज्ञान मुखाग्र पार्ने त्यसबेलाका जोकोहीलाई राम्रैसँग थाहा हुन्थ्यो । उतिबेलाको एक मात्र दैनिक पत्रिका गोरखापत्र र केही कहलिएका साप्ताहिकहरूमा पनि यी दुई स्थानका नामसहित साना किसान सम्बन्धी समाचार र लेखसामग्री बाक्लै रूपमा प्रकाशित हुने गर्थे ।

यो तिसको दशकतिरको कुरा हो । पचासको दशकसम्म आइपुग्दा लोकसेवाका प्रश्नावली र सामान्य ज्ञानका पुस्तकहरूबाट यो विषय विस्तारै ओझेल पर्दै गयो अनि धनुषा र नुवाकोटको ठाउँमा **पूर्वाञ्चल र सुदुर पश्चिमाञ्चलको** नाम उसैगरी बाक्लै रूपमा उल्लेख हुन थाल्यो । यतिबेलासम्म त राष्ट्रियस्तरका दैनिक पत्रिकाको संख्या पनि झन्डै आधा दर्जन पुगिसकेका थिए । ती सबैमा प्रकाशित हुने बैकिङ क्षेत्रसँग सम्बन्धित समाचार र लेख रचनामा यी दुई स्थानका नाम प्रशस्तै देख्न पाइन्थ्यो । त्यति बेला गरिबी निवारण सम्बन्धमा लेखिएका धेरैजसो लेख रचनामा समेत यी दुई विकास क्षेत्रका नाम सँगसँगै जोडिएर आउनेगर्थ्यो ।

पचास सालको हाराहारीमा आइपुग्दा देशको पूर्वी र पश्चिम फरकफरक भूगोलमा रहेका यी दुई स्थानका नाम सामान्य ज्ञानका पुस्तक, लोकसेवाका प्रश्नावली र पत्रिकाका आर्थिक पृष्ठमा यसरी दोहोरिहनुको कारण के थियो भने साना किसान कार्यक्रमको आरम्भ नुवाकोट र धनुषा जिल्लाबाट एकसाथ गरिएजस्तै ग्रामीण बैंक वंगलादेशको मोडेलमा आधारित लघुवित्त कार्यक्रमको विजारोपण पूर्वाञ्चल र सुदुर पश्चिमाञ्चलबाट सँगसँगै गरिएको थियो ।

२०३२ सालमा कृषि विकास बैंकमार्फत साना किसान मोडेललाई प्रयोगमा ल्याइएको ठीक डेढ दशकपछि ग्रामीण विकास बैंक नामको कम्पनी स्थापना गरी सोही अभियानसँग मिल्दोजुल्दो लघुवित्त नामको यो अर्को गरिब केन्द्रित वित्तीय कार्यक्रमको आरम्भ गरिएको थियो । यसरी साना किसान मोडेलको पहिलो अभ्यासमा पहाड र तराईका एकएक जिल्ला चयन गरिएको थियो भने लघुवित्त मोडेलको पहिलो अभ्यासमा पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चल गरी दुई विकास क्षेत्रलाई आरम्भ बिन्दु बनाइएको थियो । इतिहासका विभिन्न कालखण्डमा गरिबी न्यूनिकरणका नाममा बैकिङ क्षेत्रबाट धेरैवटा कार्यक्रमहरू देखापर्दै र ओझेलिदै गए । तर साना किसान अभियान र लघुवित्त कार्यक्रम यी दुई मोडेलले भने आफ्नो गरिमा र वर्चस्वलाई राम्रोसँग कायम राख्नसकेका कारण यिनीहरू गरिबी निवारणका दृष्टिले मात्र नभएर नेपालको बैकिङ क्षेत्रबाट सञ्चालित ऐतिहासिक महत्वका सामाजिक कार्यक्रमका रूपमा समेत सुपरिचित हुनपुगेका छन् । यही लोकप्रियताका कारण यी दुबै मोडेलहरू देशका ७७ वटै जिल्लामा विस्तार भैसकेका छन् ।

वंगलादेशले विकास गरेको ग्रामीण बैकिङ पद्धतिलाई अनुसरण गर्दै ग्रामीण विकास बैंकमार्फत २०४९ सालदेखि नेपालमा आरम्भ भएको लघुवित्त मोडेललाई त्योभन्दा १५ वर्ष अघि नै प्रयोग गरेर सफल मानिसकिएको नमूनामा आधारित साना किसान मोडेलकै विकसित रूप समेत भन्नेगरिएको छ । लघुवित्तका पिता मोहमद युनुसले समेत नेपाल भ्रमणका क्रममा साना किसान मोडेललाई नजिकबाट नियालेका थिए । त्यसको लगत्तै उनले आफ्नो देशमा समूहमा आधारित गरिब केन्द्रित वित्तीय कार्यक्रम आरम्भ गरे, अनि त्यो कार्यक्रमले लघुवित्तको नाममा संसारभरी लोकप्रियता पाउदैगएको हो भन्ने कुरा पनि कतिपय लघुवित्तविद्हरूले उल्लेख गरेको पाइन्छ । यो कुरा नेपालमा लघुवित्तसम्बन्धी बृहत् रूपमा खोज अनुसन्धान गर्नेहरूका लागि एउटा थप अध्ययनको विषय बन्न सक्छ ।

लक्षित समुदाय, लगानीको क्षेत्र, कर्जा रकमको आकार,गरिबसम्म पुग्ने वित्तीय स्रोतको आधार र कार्यक्रमको लक्ष्य एवं उद्देश्यका दृष्टिले यी दुई कार्यक्रमबिच अन्तर वा विभेद सहजै र टड्कारो रूपमा देख्न सकिन्न । दुबैले कृषिकर्मलाई आफ्नो पेशा वा पहिचान बनाएर ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आय भएका वर्गलाई सेवा पुर्‍याइरहेका छन् । यी दुबै कार्यक्रमले गरिबी निवारणसम्बन्धी सरकारको महाअभियानमा उस्तैउस्तै किसिमले योगदान गरिरहेका छन् । अतः कतिपय अवस्थामा यी दुई मोडेलबिचको फरक छुट्याउनसमेत गाह्रो छ ।

दशकौं लामो अभ्यासपश्चात तन्नेरी अवस्थामा पुगिसकेका यी दुई वित्तीय कार्यक्रमबिच हाल आएर अर्को प्रकारको समानता पनि देखपर्दै गएको छ । पूर्णतः विनाधितो र अति गरिबका लागि मात्र केन्द्रित कार्यक्रमको रूपमा रहेको लघुवित्त मोडेललाई माइको इन्टरप्राइजेजका रूपमा विकास गरिनुपर्ने अवधारणालाई अगाडि बढाउन थालिसकिएको छ । यस क्रममा लघुवित्तकै नाममा धितोकर्जाको अभ्याससमेत अरम्भ गरिसकिएको छ । उता साना किसान मोडेल पनि अब गाउँको कुनै रुख मुनि वा मन्दिरका जीर्ण पाटी र सत्तलमा भेला भएर वित्तीय सेवा प्रदान गर्ने परम्परागत अवस्थाबाट विकसित हुँदै साना किसान कृषि सहकारी संस्थाको स्वरूपमा विकसित भैसकेको छ । गाउँघरमा रहेका गरिब किसानहरूले अब आफ्नै मेहनत र पसिनाले उभ्याएको त्यही साना किसान कृषि सहकारी संस्थामार्फत सहकारीका सिद्धान्तलाई समेत प्रयोग गर्दै वित्तीय सेवा प्राप्त गर्न थालिसकेका छन् । यसप्रकार समयको कालक्रमसँगै यी दुबै मोडेलहरूले अब तन्नेरी उमेरको धरातल टेकिसकेका छन् । त्यो धरातलसम्म आइपुग्दा यी दुबै कार्यक्रमबिच प्रशस्तै समानता कायम भैसकेको देखिन्छ ।

गरिबका आँगनसम्म पुग्ने वित्तीय कार्यक्रमका रूपमा परिचित यी दुबै मोडेलहरूमा यस्ता केही समानता देखिए पनि यिनका आआफ्नै छुट्टाछुट्टै मौलिक विशेषताहरू छन् । लघुवित्त कार्यक्रमअनुसार मूलतः कृषि कर्ममा संलग्न ग्रामीण क्षेत्रका गरिबले लघुवित्त वित्तीय संस्थाका शाखा कार्यालयमार्फत बचत तथा लघुकर्जासम्बन्धी सेवा प्राप्तगर्नेगरेका छन् । यी संस्थाहरूको सुपरिवेक्षण नेपाल राष्ट्र बैंकबाट प्रत्यक्ष रूपमा हुनेगरेको छ भने साना किसान कार्यक्रमअन्तर्गत साना किसान कृषि सहकारी संस्थाबाट यसका सदस्य किसानहरूले यस किसिमको वित्तीय सेवा प्राप्त गर्नेगरेका छन् । साना किसान स्वयंले स्थापना गरी उनीहरूकै स्वामित्वमा सञ्चालित त्यस्ता साना किसान कृषि सहकारी संस्थाहरूलाई अभिभावकत्व प्रदान गर्दै उनीहरूलाई आवश्यक पर्ने स्रोत अर्थात् थोककर्जा प्रदान गर्ने, तिनलाई सुपरिवेक्षण गर्दै वित्तीय अनुशासन पालना गर्न लगाउने, दक्षता अभिवृद्धिका लागि विभिन्न अवसरहरू उपलब्ध गराउनेलगायतका काम साना किसान विकास लघुवित्त वित्तीय संस्थाले गरिआएको छ ।

यसप्रकार, लघुवित्त कार्यक्रम वंगलादेशमा मोहमद युनुसले विकास गरेको परिपाटीमा आधारित छ भने साना किसान कार्यक्रम हाम्रो आफ्नै भूभागमा आफैंले विकास गरेको मौलिक बैकिङ कार्यक्रमको रूपमा रहेको छ । नेपालमा लघुवित्त मोडेलमा आबद्ध २९ लाख ऋणी सदस्यहरूमध्ये लगभग सबैजसो कृषि व्यवसायमा संलग्न न्यून आय भएका किसानहरू नै हुनेगरेका अनि साना किसान मोडेलमा आबद्ध झण्डै ९ लाख परिवार किसानहरूले पनि साना किसान कृषि सहकारी संस्थामार्फत लघुकर्जा मात्र उपयोग गर्नेगरेको परिदृश्यले यी दुबै मोडेलका बिचमा भिन्नताको खोजी गर्नु भनेको दुधभित्र पानीको मात्रा खोज्नु र नियाल्नु जस्तै हो । यद्यपि यी दुई मोडेल भिन्नभिन्न पृष्ठभूमि र भिन्नभिन्न भूभागबाट उठान भएका कार्यक्रम भएका कारण यी दुवै अभियानको आआफ्नो मौलिक र विशिष्ट पहिचानलाई भने सदा संरक्षण गर्नुपर्ने देखिन्छ ।

यी दुबै मोडेलको अभ्यास हुनुभन्दा अघि नै नेपाल राष्ट्र बैंकले ल्याएको प्राथमिकता क्षेत्र कर्जा कार्यक्रम २०३१ लाई नेपालमा लघुवित्तको आरम्भ बिन्दु भन्ने गरिएको पनि पाइन्छ । तर सो नीति कार्यान्वयनमा आइनसक्दै २०३२ सालमा साना किसान विकास कार्यक्रम सञ्चालनमा आएकोले साना किसान अभियानलाई नै नेपालमा लघुवित्तका लागि गरिएको सबैभन्दा पहिलो अभ्यास हो भनिएमा अत्युक्ति हुँदैन होला ।

हामीले विकास गरेको साना किसान मोडेल व्यावसायिक प्रोडक्टको जस्तो प्याटेन्ट राईटयुक्त कार्यक्रम नभए पनि यो कार्यक्रमसँग हाम्रो विशेष प्रकारको आत्मीयता छ । यसभित्र हाम्रो आफ्नै माटोको सुगन्ध छ । त्यसैले पनि गरिबी निवारणका ध्येयले नेपालको बैकिङ क्षेत्रले प्रबर्द्धन गरेको एउटा ऐतिहासिक महत्वको प्रोडक्टको रूपमा साना किसान अभियानलाई संरक्षण एवं सम्वर्धन गर्नु आवश्यक देखिन्छ ।

**- गोकुल चन्द्र अधिकारी**



CamScanner